बै.स. ११/०८२

सम्वत् २०८२ साल चैत्र २० गते बसेको फिक्कल गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णयहरुः

१. गत बैठकमा भएको निर्णयको कार्यान्वयन समिक्षा गरी गाउँपालिकाबाट प्रवाह हुने सेवा र गतिविधिहरुलाई थप प्रभावकारी बनाउन सबै शाखा, वडाहरु र पधाधिकारी कर्मचारीहरुलाई निर्देशन दिने ।

२. आ.व. ०८१/८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन(LGPAS) को एकीकृत प्रारम्भिक नतिजा छलफल गरी पृष्ठपोषणका लागि समन्वय समितिको कार्यालय सिन्धुलीमा टपेश गर्ने ।

३. साविक करदाता सेवा कार्यालयबाट प्रवाह हुने सेवा गाउँपालिकाबाट सुचारु गर्ने र सोका लागि आन्तरिक राजश्व कार्यालय बर्दिवासमा अनुरोध गर्ने ।

४. फिक्कल आधारभुत अस्पताल मिति २०८२/१२/२२ गते बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्रि मा. किरण थापामगरज्यूको प्रमुख आतिथ्यमा अस्पताल भवन उद्घाटन गर्ने ।

५. विभिन्न ४१ वटा योजनाहरु फरफारक गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने साथै राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गतका १३ वटा योजनाहरु समेत फरफारक गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने ।

६. मिति २०८२ साल चैत्र २४ गते वडा नं. ४, चैत्र २५ गते वडा नं. ३, चैत्र २६ गते वडा नं. १, चैत्र २७ गते वडा नं. २, चैत्र २७ गते वडा नं. ५, वैशाख ३ गते वडा नं. ६ र बैशाख ६ गते गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई गर्ने ।

७.नागरिकको जलन भएका विरामीलाई सहुलियतमा उपचारमा सहयोग पुऱ्याउने र सास्थ्यकर्मी कर्मचारीलाई जलन सम्बन्धी प्राथमिक उपचारको तालिम संचालन गर्ने उद्देश्यले कीर्तिपुर अस्पताल सँग साझेदारी गर्नको लागि अनुरोध गर्ने।

८. विभिन्न बहुवर्षीय अधुरा आयोजनाहरु यथाशीघ्र सम्पन्न गर्नको लागि संघीय तथा प्रादेश सरकारका विभिन्न निकायमा अनुरोध गर्ने।

९.डाँडागाउँ खेलमैदान निर्माणको भुक्तानी गर्ने ।

१०.लिलामाया कामी फिक्कल ३ लाई रु. १० हजार, जमुना धमलाको छोरो अशोक डोटेल फिक्कल ४ लाई रु. १५ हजार र हर्कबहादुर सुनुवार फिक्कल ३ लाई रु. २० हजार आर्थिक सहायता दिने ।

११. श्री जनता आधारभुत विद्यालय भिरगाउँ फिक्कल ६ लाई रु. ६१ हजार र श्री जनजागृती आ.वि. सोखुखोला फिक्कल ६ लाई रु. २० हजार रकम डेस्कबेन्च व्यवस्थापनका लागि आर्थिक अनुदान दिने ।

२०८२/१२/२

डम्बरबहादुर रजन मगर
प्रमुख प्रशासकीय अधिकृत